REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 30.12.2024**

***FM Pre Budget Meeting***

केनद्रीय वित्त मन्त्री श्रीमती निर्मला सीतारामनले आज नयाँ दिल्लीमा छैटौं बजट पूर्व परामर्श बैठकको अध्यक्षता गर्नुभयो । 2025-2026 सालको केन्द्रीय बजटमाथि परामर्शलाई लिएर आयोजित यस बैठतमा स्वास्थ्य र शिक्षा क्षेत्रका विशेषज्ञ र प्रतिनिधिहरूले भाग लिए । बैठकमा वित्त सचिव, आर्थिक कार्यमन्त्रालयका सचिव, सरकारका मुख्य आर्थिक सल्लाहकार तथा स्वास्थ्य र स्कूली शिक्षा विभागका वरिस्ठ अधिकारीहरू पनि सहभागी बने । यसअघि आजनै श्रीमती सीतारामनले उद्योग जगतका प्रतिनिधिहरूसित बजट पूर्व परामर्श बैठकको अध्यक्षता गर्नुभयो । वित्त वर्ष 2025-2026 का लागि केनद्रीय बजट पहिलो फरवरी का दिन संसदमा प्रस्तुत गरिने आशा छ । यो, वित्त मन्त्री निर्मला सीतारामनको आठौं बजट हुनेछ ।

***NH 10***

रास्ट्रिय मार्ग-10 लाई पश्चिम बंगाल जन कार्य विभागबाट रास्ट्रिय मार्ग तथा पूर्वाधार बिकास निगम NHIDCL लाई सुम्पिने प्रक्रिया गत बिहीबार छब्बीस दिसम्बरका दिन पूरा भएको छ । हस्तान्तरण कार्यका लागि केन्द्रले पहिलेनै अधिसूचना जारी गरेको भए तापनि प्रक्रियागत ढिलाई को कारणले यो कार्य थाँतीमा रहेको थियो । अब सबै सरकारी दस्तावेजहरू निगमलाई सुम्पिएको छ । सूत्र अनुसार रास्ट्रिय मार्ग तथा पूर्वाधार बिकास निगमले भोलि रास्ट्रिय-मार्ग-10 मा सिभोकदेखि रम्फूसम्मको ड्रोन सर्वेक्षण गर्ने कार्यक्रम छ ।सर्वेक्षणपछि सिक्किम र कालेबुङलाई सिलगढ़ीसित जोड़ने यो मुख्य सम्पर्क सड़कको पुनर्निर्माण कार्य शुरू हुने आशा छ । पश्चिम बंगाल तर्फको रास्ट्रिय दस मार्ग ठाउँमा ठाउँठाउँमा गम्भीर रूपमा क्षतिग्रस्त भएको छ ।घरिघरि हुने प्राकृतिक प्रकोष तथा अन्य कारणहरूले यो मार्ग घरिघरि भत्किँदा सिक्किमका मानिसहरू र पर्यटन क्षेत्रलाई नकारात्मक असर परेको छ । सिक्किम सीमावर्ती राज्य भएको हुँदा यो मार्ग सामत्कि महत्वको पनि छ ।

***Nathulla Traffic Closed***

सिक्किम पर्यटनको सरकारी अधिसूचना अनुसार आउँदो बुधवार पहिलो जनवरीका दिन पर्यटक र मानिसहरूका लागि नाथुला बन्द रहनेछ । तथापि त्यस दिन मानिसहरूलाई छाङ्गु झील र बाबा मन्दिर जाने अनुमति प्रदान गरिएको छ ।

***Tamu Lochar***

राज्यमा आज तमु लोछार मनाइयो । गुरूङ समुदायले मनाउने यस पर्वमा घरका सबै परिवार सदस्यहरूले बिहानै चाँडै उठेर पूजा गर्ने अनि परम्परा अनुरूप पर्व मनाउने चलन छ । नयाँ वर्षको रूपमा पालन गरिने यो पर्व धनी सांस्कृतिक परम्परा तथा मूल्यहरूमाथि आधारित छ । राज्यपाल श्री ओम प्रकाश माथुर र मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले राज्यका मानिसहरूलाई तमु लोछारको शुभकामना दिनुभएको छ । आफ्नो सन्देशमा राज्यपालले तमु लोछारले राज्यमा समृध्दि र खुशियाली ल्याउनका साथै सबैमा भातृत्वको भावना कायम राख्नेछ भन्ने आशा ब्यक्त गर्नुभएको छ । मुख्यमन्त्री भन्नुभएको छ- यो पर्वले हाम्रो प्रकृतिप्रेमी समुदायका लागि नयाँ आशा र आकांक्षा जगाएर सद्भाव र भातृत्वको भावनालाई सुदृढ़ बनाउँछ । उहाँले तमु लोछारले सबैका लागि प्रसन्नता समृध्दि, सुस्वास्थ्य र शान्ति ल्याओस भन्ने कामना गर्नुभएको छ ।

***Losoong Namsong***

राज्यमा भोलिदेखि भुटिया समुदायको लोसूङ र लेप्चा समुदायको नाम्सूङ चाढ़ शुरू हुनेछ । लोसूङ नाम्सूङ पर्व सात दिनसम्म मनाइनेछ । फसल कटाई समाप्त भएको अवसरमा यो चाढ़ मनाउने गरिन्छ । यस अवधिमा भुटिया र लेप्चा समुदायका मानिसहरूले गुम्पामा गई पूजा आराधना गर्नका साथै आफ्नतहरू भेला भएर यो चाढ़ मनाउँछन् । फसल कटाईपछि नयाँ बाली ईश्वरलाई चढ़ाउने चलन छ । राज्यका विभिन्न ठाउँमा लोसूङ नाम्सूङ मेला तथा समारोहहरू पनि आयोजना गरिँदैछ ।

***Losoong Samdong***

यसैवीच साम्दोङ मिन्तोकगाङ छोलिङ गुम्पामा गत केही दिनदेखि आयोजना भइरहेको लोसूङ उत्सव अनुस्ठान आज तुमिन लिंगिका विधायक श्री साम्डुप भुटिया उपस्थित रहनुभयो। यस अवसरमा प्रार्थना, सांस्कृतिक कार्यक्रम र अभिनन्दन कार्यक्रम आयोजित भयो। यसैवीच राज्यपाल श्री ओमप्रकाश माथुर र मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले सिक्किमवासीहरूलाई लोसूङ र नाम्सूङ पर्वको शुभकमना दिनुभएको छ।

***SARATHI I.O Module***

सोरेङ जिल्लाका सम्बध्द सामाजिक स्वास्थ्य कार्यकर्ता ASHA को दोस्रो ब्याचले गत शनिबार SARATHI 1.0 मोड्यूल सम्वन्धमा प्रशिक्षण लिए। यसमा सैंतिसजना ASHA कर्मीहरूलाई पाठशाला तथा समुदायहरूमा नशालुपदार्थको दुरूपयोगलाई कम्ती गर्ने, असल मानसिक स्वास्थ्य, र नैतिक मूल्य जस्ता विषयहरूमाथि प्रशिक्षण थियो। नशालुपदार्थ मुक्त तथा मानसिक रूपले स्वस्थ सिक्किमको लक्ष्य प्राप्त गर्ने दिशातर्फ सोरेङ च्याखुङका विधायकको मार्गदर्शनमा प्रशिक्षणको आयोजना गरिएको थियो।

***Helicopter Service***

राज्यमा सँधै झै यो वर्ष पनि माघे संक्रान्ति धूमधामले मनाइने भएको छ। यस अवसरमा जोरछाङमा आयोजन गरिने माघे मेला 2025 मा यसपाली हेलीकप्टर यात्रा सेवाको व्यवस्था गर्ने योजना छ। मेला अवधिभरि सुचारू वायुसम्पर्क सुनिश्चित गर्न दुईवटा स्थल IRB मैदान र INV मैदान चयन गरिएको छ।पाइलटहरूले मेला शुरू हुनअघि उडानको सम्याव्यता र सुरक्षा नियमहरू सुनिश्चित गर्न यी स्थलहरूमा अन्तिम परीक्षण गर्ने कार्यक्रम छ।